चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०७९/०९/२४ गते

समय :- विहान ११:०० बजे

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ११ औं बैठक नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |
| २६. | देवबहादुर बटाला | प्रशासन सहायक | |
| २७. | धर्मराज विष्ट | सूचना प्रविधि अधिकृत | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७२

## मिति २०७९/०९/२४ गतेको नगर कार्यपालिकाको ११ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | सङ्घीय समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम छनोट गर्ने सम्बन्धी प्रस्ताव। | आर्थिक वर्ष २०८०/०८१ का लागि सङ्घीय समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहले प्रस्ताव पेस गर्न मिति २०७९ मङ्सिर १९ गते प्रकाशन गरेको सूचनाबमोजिम आयोजनाहरू छनोट गरी प्रस्ताव पेस गर्ने। | |
| ४ | स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय जोखिम सुशासन स्व:मूल्याङ्कन (FRA) नतिजा सम्बन्धी प्रस्ताव। | स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय जोखिम सुशासन स्व:मूल्याङ्कन (FRA) नतिजामा छलफल तथा नतिजा स्वीकृत गरी नगर सभामा अनुमोदनको लागि सिफारिस गर्ने। | |
| ५ | लक्षित वर्गका कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्ताव। | आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रमअनुसार लक्षित वर्गका लागि विनियोजन बजेटबाट कार्यक्रम कार्यान्वयन गर्ने। | |
| ६ | सुरक्षित नागरिक आवास कार्यक्रमको लागि लाभग्राही छनोट सम्बन्धी प्रस्ताव। | २०७९ कार्तिक ३० गतेको कार्यपालिका बैठकको निर्णयबमोजिम सुरक्षित नागरिक आवास निर्माणका लागि लाभग्राहीहरूको | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | | विवरण पेस गर्ने निर्णयबमोजिम वडा कार्यालयबाट प्राप्त लाभग्राहीहरूको अन्तिम प्राथमिकताक्रम अनुसारको सूची अनुमोदन गर्ने। | |
| ७ | सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना र वन पैदावारको आम्दानी रकम कार्यान्वयन सम्बन्धी प्रस्ताव। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाइ नगरपालिकाबाट स्वीकृत गराउने र वन पैदावारको बिक्रीबाट प्रात हुने रकमको १० प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने। | |
| ८ | मृगौला, प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार खर्च सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिका अन्तर्गतका वडाहरूबाट पेस हुन आएका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्स रोगी र मेरुदण्ड, पक्षघातका बिरामीहरूलाई सोको कार्यविधिमा उल्लेख भएबमोजिम औषधी उपचार वापतको खर्च उपलब्ध गराउने। | |
| ९ | प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई पोसाक वापतको रकम सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई पोसाक वापतको रकम विद्यार्थी सङ्ख्याको आधारमा खरिद ऐन र नियमावलीबमोजिम सम्बन्धित विद्यालयले खरिद कार्य गर्ने गरी विद्यालयको खातामा अनुदान स्वरुप रकम निकासा दिने। | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १० | चौरजहारी नगरपालिकाको नगर सभाको बैठक आह्वान गर्ने सम्बन्धी प्रस्ताव। | आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम संशोधन र समसामयिक विषयमा छलफल तथा निर्णय गर्नुपर्ने भएकोले सभाको बैठक मिति २०७९ माघ ७ गतेदेखि आह्वान गर्ने। | |
| ११ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव। | १. मालिका पर्यटन पूर्वाधार निर्माण योजनाको विविध कारणले हालसम्म पनि कार्य सम्पन्न नभएकोले खरिद ऐन २०६३ र सोको नियमावली २०६४ बमोजिम म्याद थप गर्ने।<br>२. जनकल्याण आधारभूत विद्यालय रातामाटा चौरजहारी नगरपालिका १३ को आठ कोठे निर्माणाधीन भवन अविरल वर्षाका कारण आएको पहिरोले पूर्ण रुपमा क्षति पुऱ्याउनुका साथै उक्त स्थान उच्च जोखिममा रहेकोले भवन निर्माण कार्य सम्पन्न गर्न नसक्ने अवस्था भएकोले भवन निर्माण कार्य सहमतिमा बन्द गर्ने।<br>३. श्री आधारभूत विद्यालय लहरेसिमल र विजयश्वरी आधारभूत विद्यालयमा KISC EQUIP सँग साझेदारीमा ICT ल्याव स्थापनाका साथै विद्यालयमा विद्युतीय उपकरण जडानका लागि आवश्यक रकम नगरपालिकाले उपलब्ध गराउने।<br>४. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार नवीकरणीय ऊर्जा प्रविधि जडान शीर्षकको रकमबाट विद्युतीय चुलो खरिद गरी वितरण गर्ने।<br>५. चौरजहारी नगरपालिका अन्तगर्गतका विद्यालयहरूमा कक्षा ६-८ को लागि | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | | स्थानीय पाठ्यक्रम मस्यौदा समितिले तयार गरेको चौरजहारी नगरपालिकाको स्थानीय पाठ्यक्रम स्वीकृत गरी लागू गर्ने ।<br>६. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार विनियोजन भएको न्युनतम ५ युनिट पानी प्रयोग गर्ने घरपरिवारको लागि खानेपानीको महशुल भुक्तानी व्यवस्थापन खर्च वडा नं. १, २, ३ र ४ शीर्षकको रकम विजयश्वरी चौरजहारी सुख्खा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई भुक्तानी दिने। | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय (रुकुम पश्चिम) चौरजहारी, कर्णाली प्रदेश, नेपाल २०७२

## मिति २०७९/०९/२४ गतेको ११ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा र निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने / गराउने निर्णय गरियो।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'सङ्घीय समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम छनोट गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा राष्ट्रिय योजना आयोगले स्थानीय तहले प्रस्ताव पेस गर्ने मिति २०७९ मङ्सिर १९ गते प्रकाशन गरेको सूचनाबमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना / कार्यक्रम कार्यान्वयनका लागि तोकिएको सर्तसमेतको आधारमा **अनुसूची-१** बमोजिमका आयोजनाहरू छनोट गरी सम्बन्धित निकायमा प्रस्ताव पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय जोखिम सुशासन स्व:मूल्याङ्कन (FRA) नतिजा सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय जोखिम सुशासन स्व:मूल्याङ्कन (FRA) को नतिजामा छलफल गरी उक्त नतिजा स्वीकृत गरी नगर सभामा अनुमोदनको लागि सिफारिस गर्ने निर्णय गरियो साथै समीक्षाको सारांश **अनुसूची-२** मा उल्लेख गरिएको छ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'लक्षित वर्गका कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रमअनुसार लक्षित वर्गका लागि विनियोजन बजेटबाट कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित लक्षित वर्गबाट प्रस्ताव

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७२

पेस गर्न सूचना आह्वान गर्ने र लक्षित वर्गबाट पेस हुन आएका प्रस्तावहरूमध्ये आयआर्जनलाई प्रवर्धन गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिइ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'सुरक्षित नागरिक आवास कार्यक्रमको लागि लाभग्राही छनोट सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगर कार्यपालिकाको मिति २०७९ कार्तिक ३० गते बसेको बैठकले गरेको निर्णयबमोजिम सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि लाभग्राहीहरूको विवरण पेस गर्ने निर्णयबमोजिम वडा कार्यालयबाट प्राप्त लाभग्राहीहरूको विवरणका आधारमा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ४ र अनुसूची-१ बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट स्थलगत रुपमा विवरण सङ्कलन र मूल्याङ्कन गरी नगर कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना र वन पैदावारको आम्दानी रकम कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाइ नगरपालिकाबाट स्वीकृत गराउने र वन पैदावारको बिक्रीबाट प्रात हुने रकमको १० प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्थाबमोजिम यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितहरूको कार्ययोजना स्वीकृत गरी आर्थिक वर्ष २०७८/०७९ को वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम लेखापरीक्षण प्रतिवेदनबमोजिम जम्मा गर्न ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'मृगौला, प्रत्यारोपण, डायलाइसिस, क्यान्सर र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार खर्च सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका अन्तर्गतका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड, पक्षघातका बिरामीहरूलाई सोको कार्यविधिमा उल्लेख भएबमोजिम औषधी उपचार वापतको खर्च उपलब्ध गराउन यस अघि निर्णय भइसकेकाहरूको निरन्तरता हुने गरी कार्तिक महिनादेखि हालसम्म निवेदन पेसका गरेका **अनुसूची-३** मा उल्लेखित थप लाभग्राहीहरूको विवरण अनुसार कार्यविधिबमोजिम २०७९ माघ १ गतेदेखि लागू हुने गरी उपचार खर्च वापतको रकम शोधभर्ना हुने गरी प्रकोप व्यवस्थापन कोषको रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. ९ : प्रस्ताव नं. ९ 'प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई पोसाक वापतको रकम सम्बन्धी प्रस्ताव'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई पोसाक वापतको रकम विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी रु. ७३० (सात सय तिस) का दरले खरिद ऐन र नियमावलीबमोजिम सम्बन्धित विद्यालयले खरिद कार्य गर्ने गरी विद्यालयको खातामा अनुदान स्वरुप रकम निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं. १० **'चौरजहारी नगरपालिकाको नगरसभाको बैठक आह्वान गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम संशोधन र समसामयिक विषयमा छलफल तथा निर्णय गर्नुपर्ने भएकोले सभाको बैठक मिति २०७९ माघ ७ गतेदेखि आह्वान गर्ने गरियो ।

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा मालिका पर्यटन पूर्वाधार निर्माण योजनाको विविध कारणले हालसम्म पनि कार्य सम्पन्न नभएकोले खरिद ऐन २०६३ र सोको नियमावली २०६४ बमोजिम २०८० असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** : प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा जनकल्याण आधारभूत विद्यालय रातामाटा चौरजहारी नगरपालिका १३ को आठ कोठे निर्माणाधीन भवन अविरल वर्षाका कारण आएको पहिरोले पूर्ण रुपमा क्षति पुऱ्याउनुका साथै उक्त स्थान उच्च जोखिममा रहेकोले भवन निर्माण कार्य सम्पन्न गर्न नसक्ने अवस्था भएको हुँदा भवन निर्माण कार्यको हालसम्मको यथार्थ प्राविधिक मूल्याङ्कन गरी मूल्याङ्कनको आधारमा भुक्तानी गर्न बाँकी रकम सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिइ दुबै पक्षको सहमतिमा उक्त भवन निर्माणको काम बन्द गरी बैङ्क ग्यारेन्टी समेत फकुवा गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. १३** : प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा श्री आधारभूत विद्यालय लहरेसिमल र विजयश्वरी आधारभूत विद्यालय चौरजहारीले KISC EQUIP सँग साझेदारीमा ICT ल्याव स्थापनाको लागि सम्झौता भएको तर विद्यालयले व्यहोर्ने हिस्सा वापतको रकम यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कम्प्युटर ल्याव व्यवस्थापन तथा विद्युतीय उपकरण जडान समेतका लागि प्रति विद्यालय रु. ५ लाखका दरले प्राविधिक लागत अनुमानका आधारमा रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १४** : प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार नवीकरणीय ऊर्जा प्रविधि जडान शीर्षकको रकमबाट विद्युतीय चुलो खरिद गरी यस वर्ष विद्युत जडान भइ सञ्चालनमा रहेका यस चौरजहारी नगरपालिकाका शहीद परिवार र 'ग' वर्गका अपाङ्गहरूको विवरण वडा कार्यालयहरूले २०७९ पुस मसान्तभित्र पेस गर्ने र सो वडा कार्यालयबाट प्राप्त विवरणको आधारमा आधारमा विद्युतीय चुलो वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १५** : प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका अन्तगर्गतका विद्यालयहरूमा कक्षा ६-८ को लागि स्थानीय पाठ्यक्रम मस्यौदा समितिले तयार गरेको चौरजहारी नगरपालिकाको स्थानीय पाठ्यक्रम स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

**निर्णय नं. १६** : प्रस्ताव नं. ११ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार विनियोजन भएको न्युनतम ५ युनिट पानी प्रयोग गर्ने घरपरिवारको लागि खानेपानीको महशुल भुक्तानी व्यवस्थापन खर्च वडा नं. १, २, ३ र ४ शीर्षकको रकम विजयश्वरी चौरजहारी सुख्खा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थासँग सम्झौता गरी बीलभरपाइको आधारमा उक्त संस्थालाई रकम भुक्तानी दिने निर्णय गरियो।

**यसरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची - १

(निर्णय नं. ३ सँग सम्बन्धित)

**आर्थिक वर्ष २०८०/०८१ को को लागि संघीय सरकारबाट प्राप्त हुने समपूरक तथा विशेष अनुदान तर्फ छनौट गरिएका आयोजनाहरुको विवरण**

(क) समपूरक अनुदान तर्फ

| प्राथमिकता क्रम नं. | आयोजनाको विवरण | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्रबजार स्यानाखोला जुम्लीपोखरी उल्लेरी सडक स्तरोन्नती | चौरजहारी नगरपालिका वडा नं. ११ र १२, रुकुम (पश्चिम) | ३०३१७१४५.९ | |
| २ | खौला लिफ्ट खानेपानी योजना निर्माण | चौरजहारी नगरपालिका वडा नं. ११, रुकुम (पश्चिम) | १७५२६०२२.५७ | |
| ३ | शान्तिबजार घर्तीकाँडा खागल सडक स्तरोन्नती | चौरजहारी नगरपालिका वडा नं. ६, रुकुम (पश्चिम) | १२५७८९०८.७ | |
| ४ | मेलैनाउली टाटा फलाँट अमलाटाकुरा सडक निर्माण | चौरजहारी नगरपालिका वडा नं. ७ र ४, रुकुम (पश्चिम) | १२०१३६४९.७८ | |
| ५ | कालापाथर बसिगाउँ बडाखोला चिप्लेटी सडक स्तरोन्नती | चौरजहारी नगरपालिका वडा नं. ७ र ८, रुकुम (पश्चिम) | १०७९८२३३.०२ | |

(ख) विशेष अनुदान तर्फ

| प्राथमिकता क्रम नं. | आयोजनाको विवरण | आयोजना कार्यान्वयन हुने स्थान | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन निर्माण | चौरजहारी नगरपालिका वडा नं. १४, रुकुम (पश्चिम) | १००५४९९२.२२ | |
| २ | चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको प्रशासनिक भवनको फिल्ड तथा पर्खाल निर्माण | चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम) | १००३८२४६.८३ | |
| ३ | टाटा सर्केना जोगीनेटा सानीभेरी गाउँपालिका जोडने कृषि सडक स्तरोन्नती | चौरजहारी नगरपालिका वडा नं. ११, रुकुम (पश्चिम) | ३२९६३४०२.२६ | |
| ४ | रातामाटाडाँडा लहेरेसिमल टाकुरा मानाकोट कृषि सडक ट्याक र स्तरोन्नती | चौरजहारी नगरपालिका वडा नं. ५ र १०, रुकुम (पश्चिम) | ४२०४८८९४.८३ | |
| ५ | औल, लामाबगर र जहारीखोला तटबन्धन निर्माण | चौरजहारी नगरपालिका वडा नं. वडा नं. ८, ३, ५ र ७, रुकुम (पश्चिम) | ९९९९९६४८.८६ | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

वीरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची - २

(निर्णय नं. ४ सँग सम्बन्धित)

## आ.व. २०७८/०७९ को स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) को नतिजा

| क्र.सं. | विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्त प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ९ | १०० | |
| २ | सङ्गठन तथा प्रशासन | ८ | ८ | १०० | |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | १०.५ | ९५.४५ | |
| ४ | वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | १० | ९०.९१ | |
| ५ | सेवा प्रवाह | १६ | १३.५ | ८४.३८ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ६ | ८५.७१ | |
| ७ | भौतिक पूर्वाधार | १३ | १२ | ९२.३१ | |
| ८ | सामाजिक समावेशीकरण | १० | ९ | ९०.०० | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ४.५ | ५०.०० | |
| १० | सहकार्य र समन्वय | ६ | ४.७५ | ७९.१७ | |
| जम्मा | | १०० | ८७.२५ | ८७.२५ | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची - ३

(निर्णय नं. ८ सँग सम्बन्धित)

**मृगौला प्रत्यारोपण गरेका,डायलाईसिस गराईरहेका,क्यान्सर रोगी,र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार हाल निबेदन पेश गरेका लाभग्राहीहरुको विवरण**

| सि.नं. | लाभग्राहीको नाम/उमेर/लिङ्ग | राष्ट्रिय परिचय पत्र नं./नागरिकता प्रामाण पत्र नं./जन्म दर्ता प्रमाण पत्र नं. | ठेगाना | लक्षित समुह | भुक्तानी शुरु हुने महिना | बैंक खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिता वली | ५६३०२९/१६४ | चौरजहारी न.पा. ११ | क्यान्सर रोग | २०७९असोज २७ | २९६०११०७३९४७३२००००१ | |
| २ | वुदी कुमारी खत्री | ३७३८/२४५९ | चौरजहारी न.पा.१० | क्यान्सर रोग | २०७९ असोज २७ | ०५४२००६६९१५ | |
| ३ | टर बहादुर चन्द | २४८१/१४४२ | चौरजहारी न.पा. ९ | क्यान्सर रोग | २०७९ असोज ३० | ४३३०१००००३८२११८ | |
| ४ | डन्नविर के.सी. | ३०२९/०३२५ | चौरजहारी न.पा. ११ | मृगौला डायलाइसिस | २०७९ असोज २७ | ४३३०१००००६२८७०१० | |
| ५ | चन्द्र कुमारी शाह | २३२६/१४०३ | चौरजहारी न.पा. ११ | क्यान्सर रोग | २०७९ असोज २८ | २९६०११०७३२३७०००००००० | |
| ६ | टिका सुनार | ५६१०३१/२४५ | चौरजहारी न.पा. ५ | स्तन क्यान्सर | २०७९ असोज ३० | ४३३००००८२६१० | |
| ७ | बल बहादुर वि.क | ५६-१२-७५-००४१२ | चौरजहारी न.पा. ३ | क्यान्सर रोग | २०७९ मंङ्सिर २० | ०५४२००६०७५३ | |
| ८ | मान वहादुर पुन मगर | १६७५/२९०४ | चौरजहारी न.पा. ८ | मुटु रोग र पक्षघात | २०७९ पुस ७ | ४०८००३२५३८१० | |
| ९ | डिल्ली वहादुर घर्ति | ५६३०३२/३८९ | चौरजहारी न.पा. ९ | क्यान्सर रोग | २०७९ पुस ७ | ४३३०१००००५६१६०१० | |
| १० | इशान वटाला | जन्म दर्ता नं. ९१ | चौरजहारी न.पा. १० | क्यान्सर रोग | २०७९ मंङ्सिर २६ | ०५४२००६७३७० | |
| ११ | खली पुन | १०७२१/१२७२ | चौरजहारी न.पा. १० | क्यान्सर रोग | २०७९ पुस १७ | ४३३०१००००११७५०१० | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख